# शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि – २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०३।२८

पुथा उत्तरगंगा गाउँपालिका रुकुम पूर्व

लुम्बिनी प्रदेश, नेपाल

# शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि – २०७९

शैक्षिक स्तर सुधारमा सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन महत्वपूर्ण भूमिका रहन्छ । यस पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गतका सञ्चालीत सामुदायिक बालविकास, आधारभूत तह १-५, आधारभूत तह ६-९ तथा माध्यमिक तह कक्षा ९-१० र कक्षा ९-१२ तहगत तथा विषयगत शिक्षक दरवन्दिको पर्याप्तता नभएका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालनमा समस्या देखिएको छ । उक्त समस्यालाई पुथा उत्तरगंगा गाउँपालिको आन्तरिक स्रोत बाट समाधानको प्रयास स्वरुप तोकिएको मापदण्को आधारमा शिक्षक व्यवस्थापन सहायता अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि यो शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि २०७९ पुथा उत्तरगंगा गाउँ कार्यपालिका मार्फत तयार गरिएको छ ।

## परिच्छेद – १

### परिभाषा र व्याख्या

१. संक्षीप्त नाम तथा प्रारम्भः

१) यो कार्यविधिको नाम "पुथा उत्तरगंगा गाउँपालिकाको शिक्षा सेवा विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९" रहेकोछ ।

२) यो कार्यविधि तुरुन्त लागू हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउछँ ।

(ख) "गाउँपालिका" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकालाई जनाउँछ ।

(ग) "सभा" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ ।

(ङ) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुखलाई जनाउँछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

(छ) "विद्यालय" नियमानुसार अनुमति वा स्वीकृत प्राप्त पुथा उत्तरगंगा गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदयिक विद्यालयहरुलाई सम्झनुपर्दछ ।

(ज) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी सम्झनुपर्दछ ।

(झ) "न्यून दरबन्दी" भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा ऐनले तोकेको भन्दा कम दरबन्दी रहेको व्यवस्था सम्झनु पर्दछ ।

(ञ) "नियमावली" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्दछ ।

(ट) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास र कक्षा १-८ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ ।

(ठ) "माध्यमिक विद्यालय" भन्नाले प्रारम्भिक बालविकास र कक्षा १ देखि कक्षा १० वा कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ ।

३. उद्देश्यः

स्थानीय श्रोतको परिचालन मार्फत गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा रहेको तहगत, कक्षागत तथा विषयगत शिक्षकहरुको कमिलाई आंशिक रुपमा पदपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर, शिक्षामा पहुँच र सिकाई उपलब्धि अभिवृद्धि गरि शैक्षिक स्तर सुधार गर्ने ।

## परिच्छेद-२

### शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण गर्ने मापदण्ड तथा आधरहरु

१. शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण गर्दा देहाएका मापदण्ड तथा आधारहरु अबलम्बन गरिने छ ।

(क) प्रारम्भिक बालविकासमा केन्द्रमा सहजकर्ता नभएको,आधारभूत तह कक्षा १-५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विद्यार्थी चाप बमोजिम दरबन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा १ -५ सम्माका लागि अर्को व्यवस्था नभए सम्मका लागि गाउँपालिकाबाट शिक्षक सहयोग अनुदान प्रदान गर्ने,

(ख) आधारभूत तह कक्षा १-८ सम्म सञ्चालन भएका सामुदियक विद्यालयको हकमा कक्षा ६-८ (साविक निम्न माध्यमिक तह) मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विषयगत दरबन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि अर्को व्यवस्था नभए सम्मका लागि गाउँपालिकावाट शिक्षक सहयोग अनुदान प्रदान गर्ने,

(ग) प्रारम्भिक बालविकास तह देखि कक्षा ८ सम्म सञ्चालन भई साविक निम्न माध्यमिक तहको एक दरबन्दी मात्र रहेको सामुदायिक विद्यालयमा आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन बाँफत शिक्षक सहयोग अनुदान प्रदान गर्ने,

(घ) माध्यमिक तह/ प्रारम्भिक तह देखि कक्षा १० सञ्चालन भई कुल शिक्षक दरबन्दी ६ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि शिक्षक सहयोग अनुदान प्रदान गर्ने,

(ङ) माध्यमिक तह कक्षा ११-१२ सञ्चालनका लागि अनुमति/स्वीकृत प्राप्त कक्षा १२ को शैक्षिक सत्र पुरा गरेका सामुदयिक विद्यालयमा नेपाल सरकारवाट कुनै पनि शिक्षक अनुदान वा दरबन्दी प्राप्त नभएको भए शिक्षक सहयोग अनुदान प्रदान गर्ने ।

(च) न्यून दरवन्दी भएका तथा विद्यार्थी संख्या धेरै भएका साथै अङ्ग्रेजी माध्यमवाट कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई शिक्षक व्यवस्थापन सहयोग अनुदान प्रारम्भिक बालविकास देखि कक्षा ३ वा ५ सञ्चालित विद्यालयलाई शिक्षक सहयोग अनुदान प्रदान गर्न सकिनेछ,

(छ) प्रारम्भिक कक्षा शिक्षक (स.क.) विद्यालय कर्मचारी र विद्यालय सहयोगीको तलव नेपाल सरकारले निर्धारण गरेको तलव मानको कमीलाई गाउँपालिका अनुदान बाट पुरा गरिने छ । साथै नियमित सञ्चालन हुने प्रधानाध्यापकहरुको बैठकको खाजा खर्च गाउँपालिका अनुदान बाट प्रदान गरिने छ ।

## परिच्छेद-३

## शैक्षिक सुधार तथा शिक्षक व्यवस्थापन सहयोग अनुदान विरतण सम्बन्धि व्यवस्था

१. परिच्छेद २ को नियम १ क, ख, ग, घ वमोजिमको मापदण्ड पुरा गरेका सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाको विनियोजित बजेटबाट देहाय वमोजिम रकम उपलब्ध गराईने छ ।

## पुथा उत्तरगंगा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, तकसेरा रुकुम पूर्वी भाग
## गाउँपालिकावाट थप शिक्षक व्यवस्थापन अनुदान बजेट विनियोजन

| क्र.सं. | कार्यक्रम/क्रियाकलपको नाम | सङ्ख्या | महिना संख्या | दर गा.पा.ले थप्ने | जम्मा गा.पा. वाट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा शिक्षक (स.का.) | ४१ | १३ | ७००० | | ससर्त |
| २ | प्रारम्भिक बालविकास शिक्षा शिक्षक (स.का.) | १५ | १३ | १७००० | | पालिका |
| २ | विद्यालय कर्मचारी (लेखापाल) | ८ | १३ | ६५०० | | |
| ३ | विद्यालय सहयोगी आधारभूत र मा.वि. (९५००) | १६ | १३ | ५०० | | |
| ४ | विद्यालय सहयोगी (कक्षा१-३) ४०००+२००० ६००० | ७ | १३ | ६००० | | |
| ५ | विद्यालय सहयोगी (कक्षा १-५) ४५०० | ३१ | १३ | ५५०० | | |
| ६ | गा.पा. शिक्षक प्रा.वि. तह | ४१ | १३ | १९००० | | |
| ७ | गा.पा. शिक्षक नि.मा.वि. तह | ३१ | १३ | २२००० | | |
| ८ | गा.पा. शिक्षक मा.वि. तह (९-१०) | ११ | १३ | २७००० | | |
| ९ | गा.पा. शिक्षक मा.वि. गह (११-१२ | २ | १३ | | | |
| जम्मा | | | | | | |

२. उल्लेखीत सहयोग अनुदान वितरण गर्दा विद्यालयको हालसम्मको शौक्षिक प्रगति विवरणलाई समेत आधार बनाइने छ।

३. यस कार्यविधि बमोजिम एक पटक अनुदान पाईसकेको विद्यालयलाई साविकको शिक्षक दरबन्दीमा थप भएको विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको लगायत अन्य मनासिक कारण नदेखिएमा दिदै आएको अनुदान रकम कट्ट गरिने छ।

४. अघिल्लो आ.व. मा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति विवरण र आगामी आ.व.को योजना प्रस्ताव पेश गर्नु पर्नेछ।

५.यो कार्यविधि बन्नु अघिको कार्यविधि वाट छनोट भएका गाउँपालिका अनुदान शिक्षकहरुको तलव औचित्य हेरी निरन्तरता दिइने छ।

६. गाउँपालिकावाट विनियोजन हुने वजेटको आधारमा नियम ३ मा तोकिएको विद्यालयलाई प्रदान गरिने अनुदान रकममा आवश्यकता अनुसार हेरफेर गर्न सकिने छ।

## परिच्छेद-४

## शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

४. परिच्छेद ३ बमोजिम अनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाको आधारमा शिक्षक व्यावस्थापन गर्नु पर्नेछ।

(क) उपर्युक्त अनुसारका दरबन्दीहरुमा पदपूर्ति गर्दा आवश्यक पर्ने कागजातहरुः

१) शौक्षिक योग्यताका प्रमाण पत्रहरु,

२) नेपाली नागरिकताको प्रमाण पत्र,

३) शिक्षक अध्यापन अनुमति पत्र

४) गा.पा. भित्र अध्ययापन अनुमति पत्र प्राप्त शिक्षक नपाइएमा अध्ययापन अनुमति पत्र प्राप्त नभएको उम्मेदवारले पनि दरखास्त दिन सक्ने छन।

५) दरखास्त दस्तुर निम्नानुसार छः

| क्र.सं. | तह | दरखास्त दस्तुर |
|---|---|---|
| १ | बालविकास तथा प्राथमिक | ५०० |
| २ | निम्म माध्यमिक | ७०० |
| ३ | माध्यमिक (९-१०) | १००० |
| ४ | माध्यमिक (११-१२) | १२०० |

उपरोक्त शिक्षक पदमा उम्मेदवार छनोट गर्न देहय वमोजिमको परीक्षा लिइने छ।

६) परीक्षाको किसिमः

शिक्षक सेवा आयोगको निर्धारित पाठ्यक्रम अनुसार हुनेछ

(क) लिखित परीक्षाको प्रथम पत्र पूर्णङ्क – १००

(ख) लिखित परीक्षाको द्वितिय पत्र पूर्णाङ्क – १००

(ग) अन्तरवार्ताको पूर्णाङ्क – २५

(घ) आवश्यक परेमा प्रयोगात्मक परिक्षा लिन सकिने छ।

७) परिक्षा समिति

संघिय दरबन्दी, राहत, विद्यालय कर्मचारी र संघीय अनुदान करार शिक्षक नियुक्त गर्दा संघीय शिक्षा ऐन नियम वमोजिम गर्ने र गाउँपालिकाले आन्तरिक श्रोतवाट भर्ना गर्ने अनुदान शिक्षकको हकमा देहाय वमोजिमको शिक्षक एवम कर्मचारी छनोट समितिवाट छनोट गर्नछ।

(क) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी संयोजक,

(ख) गाउँपालिकाले तोकेको बढिमा २ जना विषय विज्ञः सदस्य

(ग) सम्बन्धीत विद्यालय व्यवस्थापन समितिको अध्यक्षः सदस्य

(घ) सम्बनधित विद्यालयको प्रध्यानाध्यापकः सदस्य

(ङ) गाउँपालिका शिक्षा अधिकृतः सदस्य सचिव

८) लिखित परिक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

९) परिक्षा केन्द्रको सचिवालय गाउँपालिकाको कार्यलयमा रहने छ।

१०) गाउँपालिकाले विषय विज्ञ तोक्दा गाउँपालिका भित्रका विषय विज्ञहरुको सुची तयार गरि सो सुचिमा भएका विषय विज्ञहरुलाई परिक्षा सञ्चालनका लागि आमन्त्रण गर्न सक्नेछ।

११) संघीय दरबन्दी, राहत, विद्यालय कर्मचारी र संघीय अनुदान करार शिक्षक नियुक्त गर्दाको परिक्षा संचालन खर्च बाँपतको रकम सम्बन्धीत विद्यालयले र गाउँपालिका अनुदान करार शिक्षक छनोट गर्दाको परीक्षा सञ्चालन खर्च बाँफतको रकम गाउँपालिकाले भूक्तानी दिनेछ।

## परिच्छेद-५

## विषय विज्ञयको व्यवस्थापन

१. शिक्षक नियुक्तिका लागि गाउँ शिक्षा समितिले निम्म प्रक्रिया पुरा गरि विषय विज्ञ सुचिकृत गर्ने छ।

(क) विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले ७ दिनको समयावधि दिएर तपसिल उत्तीर्ण व्यक्तिहरुलाई विषयविज्ञको स्थायी वा अस्थायी करार शिक्षकहरुबाट निवेदन माग गरि लिखित वा अन्तरवार्ता परीक्षा लिई उत्तीर्ण व्यक्तिहरुलाई विषयविज्ञको रुपमा सूचीकृत गर्नेछ।

(अ) प्रारम्भिक बाल शिक्षा कक्षाका सहजकर्ता र आधारभूत तह १-५ का लागि शिक्षक छनोट विज्ञ हुनका लागि निम्नानुसार योग्यता पुगेको हुनु पर्नेछ।

१. आधारभूत तहको ६-८ मा स्थायी वा अस्थायी करार र राहतमा नियुक्ति लिई २ वर्ष सम्मा निरन्तर सेवा गरेको शिक्षक।

२. शिक्षा विषयमा स्नातक तह उतीर्ण भएको वा अन्य विषयमा स्तातक गरि तालिम प्राप्त शिक्षक।

(आ) आधारभूत तहको ६-८ र माध्यमिक तहको ९-१०/११-१२ शिक्षक छनोटमा विज्ञको रुपमा सूचीकृत हुनका लागि निम्नानुसार योग्यता पुगेको हुनु पर्नेछ।

१. माध्यमिक तह अन्तर्गत कम्तिमा मा.वि. तहमा स्थायी वा अस्थायी करार र राहत दरबन्दीमा नियुक्ति लिई २ वर्ष सम्म निरन्तर सेवा गरेको विषयगत शिक्षक।

२. शिक्षा विषयमा स्तातक वा स्नातकोत्तर तह उतिर्ण भएको वा अन्य विषयमा स्नातक वा स्नातकोत्तर तह उतिर्ण गरि तालिम प्राप्त शिक्षक।

(ख) विषयविज्ञ हुन चाहने शिक्षले गाउँपालिकाको शिक्षा शाखामा आवेदन गर्दा ५०० को निवेदन दस्तुर सहित तपसिल अनुसार कागजातको प्रतिलिपि र सक्कल प्रमाण पत्र अनिवार्य रुपमा गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

(अ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(आ) सबै शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

(इ) स्थायी, अस्थायी करार वा राहत नियुक्ति पत्रको प्रतिलिपि,

(ई) अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि।

(उ) Bio-Data

(ग) विद्यलयहरुले शिक्षक नियुक्ति गर्न विज्ञ छनोट गर्दा गाउँपालिका वाट सूचीकृत मध्यवाट गर्नु पर्नेछ।

(घ) विषय विज्ञको नाम गाउँपालिकाले सूचीकृत गरि अभिलेख राख्नु पर्नेछ।

(ङ) विषयविज्ञको पदावधि ३ वर्षको हुनेछ।

## परिच्छेद-६

## विद्यलयहरुलाई उपलब्ध गराईने शिक्षक तथा कर्मचारी दरबन्दी

१. गाउँपालिकावाट उपलबन्ध गराइने अनुदानबाट विद्यालयलाई देहाय बमोजिमको अनुदान दरबन्दी हुने छ।

## परिच्छेद-७

## विविध

१. शिक्षक, कर्मचारी छनौट समितिका पदाधिकारी र विषयविज्ञको प्रति व्यक्ति पारिश्रमिक निम्नानुसार सम्बन्धित विद्यालयले व्यवस्था गर्नु पर्नेछ।

(क) विद्यालय सहयोगी छनौटका लागि रू.१०००

(ख) प्रारम्भिक बालविकास सहजकर्ताका लागि रू.१५००

(ग) विद्यालय सहायक कर्मचारीका लागि रू.२०००

(घ) आधारभूत तह (१-५) शिक्षकका लागि रु.३०००

(ङ) आधारभूत तह(६-८) र माध्यमिक तह (९-१२) का लागि रू.४०००

२. यस कार्यविधि अनुसार कार्य सम्पादनमा द्विविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँपालिका, गाउँकार्यपालिका र गाउँ शिक्षा शाखाले निर्णय गरे अनुसार हुनेछ।

३. यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावलीमा व्यवस्था भए अनुसार हुनेछ।

४. यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधना, ऐन, कानुन संविधानसँग बाँझिएको हदसम्मा स्वतः खारेज हुनेछ।